# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/३/२५ (संख्याः ६**


## भाग–१

### छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७६ सालको ऐन नं. ६

### ऐनको नाम : छत्रकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता व्यवस्थापन तथा संचालन ऐन, २०७६

**गाउँ सभाबाट स्वीकृत मितिः २०७६/३/२२**

<u>प्रस्तावनाः</u>

छत्रकोट गाउँपालिका भित्र रहेका खानेपानी मुहानको संरक्षण, दर्ता, समुचित वितरण र उपभोग सम्बन्धमा समसामयिक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ एवं अनुसुची ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम छत्रकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाइ जारी गरेको छ ।

परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनलाई छत्रकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता व्यवस्थापन तथा संचालन ऐन, २०७६ भनिने छ ।

(२) यो ऐन छत्रकोट गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन छत्रकोट गाउँपालिका गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकासित भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"गाउँपालिका"** भन्नाले छत्रकोट गाउँपालिकालाई जनाउँछ ।

(ख) **"गाउँ कार्यपालिका"** भन्नाले छत्रकोट गाउँ कार्यपालिकालाई जनाउँछ ।

(ग) **"उपभोक्ता"** भन्नाले गाउँपालिका भित्रका खानेपानी उपभोग गर्ने व्यक्ति परिवार एवं व्यक्तिहरुको समुह समेतलाई जनाउँछ।

(घ) **"उपभोक्ता समिति"** भन्नाले गाउँपालिका भित्र कानून बमोजिम संगठित खानेपानी उपभोक्ता समिति संस्थाहरु खानेपानी उपभोग गर्ने गराउने उद्देश्य राखे अन्य कुनै नामबाट गठन भएका संस्था वा कानून बमोजिम संगठित नभएको भए पनि आफ्नै श्रोत साधनबाट खानेपानी आयोजना संचालन गरी उपभोग गरी आएका स्थानीय जनसमुदाय परिवार वा व्यक्ति समेतलाई जनाउँछ ।

(ङ) **"खानेपानी मुहान"** भन्नाले उपभोक्ताहरुले विभिन्न तरिकाबाट उपभोग गरी आएका साथै उपभोग नगरेका नयाँ खानेपानीको मुख्य मुल श्रोतलाई समेत जनाउँछ ।

परिच्छेद २

## मुहान दर्ता कार्यविधि

३. **खानेपानी मुहान दर्ता प्रक्रिया** :

(१) उपभोक्ताहरुले उपभोग गरी आएको खानेपानीको मुहान उपभोक्ता समितिले गाउँ कार्यपालिकामा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी मुहान दर्ता गराउनको लागि देहायको विवरण खोली गाउँ कार्यपालिकामा निवेदन दिनुपर्नेछः

(क) खानेपानीको मुहानको श्रोत, प्राकृतिक रुपमा रहेको जमिन सतहको मुल,भूमिगत भण्डारण भएको जल, नदी, नाला, खोला, झरना, ताल, पोखरी इत्यादि के हो सो स्थानको पुरा परिचय खुलेको विवरण ।

(ख) खानेपानीको मुहान देखि उपभोक्ताहरु सम्म खानेपानी पुऱ्याउन निर्माण गरेका र संचालन गरेका भौतिक संरचना र साधनहरुको विवरण ।

(ग) खानेपानी आयोजना निर्माण सम्पन्न भएको मिति, त्यसमा लागेको लागत रकम, त्यो रकम को को बाट के कसरी प्राप्त भयो त्यसको विवरण ।

(घ) खानेपानी उपभोक्ता समिति गठन सम्बन्धी कुनै विधान वा अभिलेख भए सो र यस अघि अन्य कुनै निकायमा दर्ता गरेको भए सो दर्ताको प्रमाण पत्र वा स्वीकृतिको अभिलेख ।

(ङ) खानेपानी उपभोक्ता समितिको बहालवाला पदाधिकारी एवं समुदाय, परिवार व्यक्तिबाट संचालित खानेपानी योजनाको हकमा त्यो योजना संचालन गर्ने जिम्मेवारी पाएका पदाधिकारी वा व्यक्तिको विवरण ।

(च) गाउँ कार्यपालिकाले यस विषयसँग सम्बन्धित आवश्यक ठानेको अन्य विवरण ।

४. **अभिलेख सम्बन्धी व्यवस्था :**

(१) दफा (३) बमोजिम प्राप्त भएका विवरणहरुको अभिलेख प्रत्येक उपभोक्ता समितिको अलग अलग गरी सुरक्षित राखिनेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको विवरणका आधारमा चालु खानेपानी योजनाको अनुगमन गरी सम्बन्धित खानेपानी उपभोक्ता समितिलाई आवश्यक देखिएको निर्देशन गर्ने कार्य गाउँ कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निर्देशन उपभोक्ता समितिले पालना गर्नु पर्नेछ।

परिच्छेद-३

## विविध

५. **नियम बनाउने अधिकारः** गाउँ कार्यपालिकाले उपभोक्ताहरुले उपभोग गरी आएको खानेपानीको स्वच्छता र गुणस्तर कायम गर्न, खानेपानी मुहानको दीगो सुरक्षा गर्न, खानेपानीको समुचित वितरण गर्न, खानेपानी योजनाको सुव्यवस्था, संचालन र नियमन गर्न गराउन र भावी उपभोक्ताहरुलाई प्रयाप्त मात्रामा खानेपानी आपूर्तिका लागि चालु रहेको खानेपानी योजनाको स्तरोन्नति विस्तार गर्न, नयाँ खानेपानी मुहानको खोज अनुसन्धान गर्न, त्यस्ता नयाँ खानेपानी मुहानको सुरक्षा र त्यसको उचित व्यवस्थापन संचालन गर्न र खानेपानीको श्रोत सम्बन्धमा अन्य कार्य गर्नको लागि आवश्यक नियम, कार्यविधि र निर्देशिका बनाइ लागु गर्न सक्नेछ।

६. बचाउ र लागु नहुने :

(१) यो ऐनमा लेखिएदेखि बाहेक खानेपानी मुहान सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो ऐनको कुनै दफा वा उपदफा वा कुनै कुरा संघीय कानून र प्रदेश कानूनसँग बाझिएमा सो बाझिएको हदसम्म स्वतः निस्कृय भएको मानिनेछ ।

प्रमाणिकरण मितिः २०७६/०३/२५

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत